नेपाल सरकार
युवा तथा खेलकुद मन्त्रालय

# नेपाल स्काउट

राष्ट्रिय प्रधान कार्यालय

पत्र संख्याः
चलानी नं.:

## प्रेस विज्ञप्ती

विश्व स्काउटका सैद्धान्तिक मूल्य, मान्यता अनुरुप नेपालमा स्काउटिङ्ग गतिविधिलाई व्यवस्थित गर्दै नियमित संचालन गर्न नेपाल स्काउट ऐन २०५० अनुसार मिति २०७५।०९।१६ गते मेरो नेतृत्वमा नेपाल स्काउट राष्ट्रिय तदर्थ समिति गठन भएको व्यहोरा सर्वविदितै छ ।

राष्ट्रिय तदर्थ समितिलाई प्रचलित ऐन नियमावली अनुसार स्काउटका गतिविधिलाई प्रभावकारी र समयानुकूल बनाउँदै देशभरिका युवा तथा बालबालिकालाई स्काउटिङ्ग अभियानमा जोड्ने आधारशीलाको रुपमा नेपाल स्काउटको संगठन संरचनालाई नेपालको संविधान २०७२ को मर्म र भावना अनुरुप व्यवस्थित गर्न प्रदेश स्काउट तदर्थ समिति तथा स्थानीय तदर्थ समिति गठन भइसकेको छ ।

सातवटै प्रदेश कार्यालयको स्थापना तथा नियमित कार्य संचालनले स्काउटिङ्ग गतिविधिलाई व्यवस्थित र विस्तार गर्न महत्वपूर्ण सहयोग पुगेको यथार्थ हाम्रा बीचमा छ । नेपाल स्काउटको राष्ट्रिय कार्यकारी निकायमा तदर्थ नेतृत्वको निरन्तरतालाई लामो समयसम्म कायम नराखी नयाँ कार्यकारी समिति निर्वाचित गर्न वर्तमान तदर्थ समितिले निर्वाचनको तयारी गरिरहेको समेत हामीले पूर्व घोषणा गरिसकेका छौं ।

परिभाषित जिम्मेवारी पूरा गरिरहँदा, मिति २०७८।०६।०८ गते युवा तथा खेलकुद मन्त्रालयबाट पत्र मार्फत मिति २०७५।०९।१६ को निर्णयानुसार मेरो संयोजकत्वमा गठित नेपाल स्काउटको राष्ट्रिय तदर्थ समिति विघटन गरेको जानकारी प्राप्त भए पश्चात् मेरो नेतृत्वको पाँच जना सदस्यले सहजरुपमा आफ्नो जिम्मेवारीबाट अलग भएको विषय स्मरणीय नै छ ।

सम्मानित सर्वोच्च अदालतको मिति २०७८।०८।२१ गतेको अन्तरिम आदेशले नेपाल सरकारबाट मिति २०७८।०६।०८ गते भएको नेपाल स्काउटको राष्ट्रिय तदर्थ समिति विघटनको निर्णय तत्काल कार्यान्वयन नगर्ने र यथास्थितिमा राख्न आदेश गरे पछाडि मिति २०७८।०८।२६ गतेदेखि मेरो नेतृत्वको समितिले आफ्नो नियमित काम गरिरहेको छ । यसै क्रममा मिति २०७८।०८।२९ गते नेपाल स्काउट राष्ट्रिय प्रधान कार्यालयमा केही मानिसहरु अनधिकृत रुपमा प्रवेश गरी नियमित काममा रहेका कर्मचारीहरुलाई काममा अवरोध गर्ने, राष्ट्रिय संयोजकको कार्यकक्षमा होहल्ला गर्ने तथा कार्यालयको दैनिक कार्यसम्पादनमा असहजता सिर्जना गराउने उद्देश्यले गरेका गतिविधिप्रति हाम्रो गम्भीर ध्यानाकर्षण भएको छ । सम्मानित अदालतको आदेश कार्यान्वयनमा सहजीकरण गरिरहेको कर्मचारीहरुलाई हप्काउने तथा राष्ट्रिय तदर्थ समितिको नियमित काममा अवरोध गर्ने नियोजित घटनाप्रति खेद व्यक्त गर्दछु ।

नेपाल स्काउटको ऐन तथा नियमावलीबाट निर्धारित लक्ष्य उद्देश्य प्राप्तिका लागि र नेपाल स्काउटको संस्थागत हीतलाई नै सर्वोपरी ठानी स्काउटिङ्ग अभियानमा लागेका हामीलाई रोकावट पैदा गरेर स्काउटिङ्ग अभियानलाई रोक्न सकिन्छ भन्ने भ्रममा नपर्न सम्बन्धित सबैलाई जानकारी गराउन चाहन्छु साथै स्काउटिङ्ग गतिविधिलाई थप सुदृढ र व्यवस्थित गर्न सम्पूर्ण सरोकारवालाहरुको सहयोगको अपेक्षा समेत गर्दछु । जय स्काउट ।

..............................
लोकबहादुर भण्डारी
संयोजक
राष्ट्रिय तदर्थ समिति

पो.ब.नं. १०३७, लैनचौर, काठमाडौं, नेपाल, फोन नं.: ४४२५७६२, ४४१९००१, ४४१९०९७
फ्याक्स: ९७७-१-४४१३३६९, ईमेल: info@nepalscouts.org, वेबसाइट: www.nepalscouts.org